राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK

**Contact:**
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone: 014252595, Ext.2423
rbbnl@rbb.com.np

# प्रेष विज्ञप्ती

मिति: २०७५।०८।०४

## राष्ट्रिय वाणिज्य बैंकको आ.व. २०७५/०७६ को प्रथम त्रैमासिक वित्तिय अवस्था सार्वजनिक

राष्ट्रिय वाणिज्य बैंक लि. को आ.व. २०७५/०७६ को प्रथम त्रैमास (अशोज मसान्त) को वित्तिय अवस्था सार्वजनिक भएको छ । प्रकाशित वित्तिय विवरण अनुसार चालु आर्थिक वर्षको पहिलो तीन महिनामा रु.१ अर्ब ११ करोड ९० लाख मुनाफा आर्जन गरी मुलुकभरका वाणिज्य बैंकहरु मध्ये सर्वाधिक नाफा आर्जन गर्ने बैंकको रुपमा अग्रस्थान हासिल गरेको छ । यसैगरी यस त्रैमाससम्ममा रु.१ खर्ब ६४ अर्ब १६ करोड ८० लाख निक्षेप संकलन गरी निक्षेप तर्फ पनि पहिलो स्थान हासिल गर्न सफल भएको छ । यस अवधि सम्ममा बैंकले रु. १ खर्ब २३ अर्ब ९० करोड ५६ लाख कर्जा प्रवाह गरेको छ । यस अवधिमा बैंकले अघिल्लो आ.व.को तुलनामा मुनाफा तर्फ ५७.७३ प्रतिशत, निक्षेप तर्फ १०.५३ प्रतशित र कर्जा तर्फ १३.१२ प्रतिशतको बृद्धि हासिल गरेको छ ।

गत आ.व.मा साविक एन.आई.डी.सी. डेभलपमेन्ट बैंकलाई प्राप्ती गरेसंगै बैंकको चुक्ता पुंजी रु.९ अर्ब पुगेको छ भने जगेडा कोष १४१.६७ प्रतिशतले बढेर रु.१२ अर्ब ५४ करोड पुगेको छ ।

बैंकको हाल ७५ जिल्लामा २०८ वटा शाखा कार्यालयहरु, १६५ ATM, ९३ वटा शाखा रहित बैंकिङ्ग (BLB) संचालनमा रहेको छ ।

राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौं